यो आकाशवाणी हो

प्रस्तुत छन् प्रमुख समाचार

- बिहार विधानसभा चुनाउ छह र एघार नोभम्बर अनि मतगणना चौध नोभम्बरमा
- गृह मन्त्री अमित शाहले दिनुभयो लोकतन्त्रको महानपर्वमा बिहारवासीलाई बधाई
- सञ्चार मन्त्रीले गर्नुभयो इण्डिया मोबाइल कंग्रेस 2025-को तयारीको समीक्षा
- केन्द्रिय मन्त्री पीयूष गोयलको कतरका समकक्षीसित द्विपक्षीय बैठक अनि
- पेयजल तथा स्वच्छता विभागले गऱ्यो सुदृढ डिजिटल पर्या प्रणालीको निर्माणका लागि समझौता

अब समाचार विस्तारमा

### • Bihar Election Dates

बिहार विधानसभा चुनाउ यस वर्ष छह र एघार नोभम्बरमा दुई चरणमा हुनेछ भने मतगणना चौध नोभम्बरमा हुनेछ। चुनाउ आयोगले आज दुई सय तीरचालीस सदस्यीय बिहार विधानसभा चुनाउका लागि मतदान कार्यक्रमको घोषणा गऱ्यो। चुनाउ कार्यक्रमको घोषणासितै बिहारमा आदर्श आचार संहिता लागू भएको छ।
मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले नयाँ दिल्लीमा प्रेस भेलालाई सम्बोधन गर्दै भन्नुभयो...
मुख्य निर्वाचन आयुक्तले भन्नुभयो, राज्यमा सात करोड़ तीरचालीस लाख मतदाताहरूका लागि नब्बे हजार सात सय बाह्रवटा मतदान केन्द्र स्थासपित गरिनेछ।

---------------------------------------X---------------------------------------

### • Shah-Bihar Elections

यसैबीच, गृह मन्त्री अमित शाहले लोकतन्त्रको यस महापर्वका लागि बिहारवासीलाई बधाई दिनुभयो। उहाँले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा NDA सरकारले बिहारलाई जंगलराजको यूगबाट निकालेर विकास र सुशासनको पथमा अग्रसर गराएको छ। श्री शाहले भन्नुभयो, राज्य गरीब कल्याण, आधारभूत पूर्वाधार, स्वास्थ्य सेवा र शिक्षासहित धेरै क्षेत्रमा ऐतिहासिक परिवर्तनको युगबाट पार भइरहेछ।

---------------------------------------X---------------------------------------

### • Scindia - India Mobile Congress

सञ्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले एशियाको प्रमुख दूरसञ्चार तथा तकनिकी आयोजन इण्डिया मोबाइल कंग्रेस 2025-को तयारीको समीक्षा गर्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले चार दिनको यस वृहत आयोजनाको शुभारम्भ बुधवार नयाँ दिल्लीको यशोभूमि कन्भेन्शन सेन्टरमा गर्नुहुनेछ। यस अवधि वैश्विक दूरसञ्चार क्षेत्रका दिग्गज, नवप्रवर्तक, स्टार्टअप र नीति निर्माता एउटै मञ्चमा 6G, AI-नेटिव नेटवर्क, उपग्रह सञ्चार र आगामी पीढ़िको डिजिटल आधारभूत पूर्वाधारको मार्गचित्र तयार गर्नका लागि एकजुट हुनेछन्। यसबाट वैश्विक दूरसञ्चार क्षेत्रमा भारतको नेतृत्वको पुष्टि हुनेछ।

श्री सिन्धियाले प्रदर्शनी क्षेत्रको भ्रमण गरेर शामेल हुने स्टार्टअप र प्रदर्शकहरूसित कुराकानी गर्नुभयो। उहाँले दूरसञ्चार विभाग, सेल्युलर अपरेटर्स एसोसिएशन अफ इण्डिया र सहयोगी निकायका वरिष्ठ अधिकारीहरूसित समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। श्री सिन्धियाले भन्नुभयो, यो आयोजनाले सम्पर्कको एउटा नयाँ प्रतिमानको शुरुवात गर्नेछ। यस वर्षको इण्डिया मोबाइल कंग्रेसमा एक सय पचासभन्दा अधिक देशहरूका डेढ लाखभन्दा अधिक आगन्तुक, सात हजार प्रतिनिधि र प्रतिभागीका साथ चार सय प्रदर्शक शामेल हुनेछन्।

---------------------------------------X---------------------------------------

- **Goyal-Qatar meeting**

केन्द्रिय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले कतरका वाणिज्य तथा उद्योग मन्त्री शेख फैसल बिन थानी बिन फैसल अल थानीसित द्विपक्षीय बैठक गर्नुभयो। श्री गोयलले भन्नुभयो, दुवै नेताबीच भारत-कतर द्विपक्षीय व्यापार बढ़ाउने उपायमाथि चर्चा हुनका साथै दुवै देशबीच बहुआयामी साझेदारीलाई अझ दह्लिलो बनाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याए। उहाँले आफ्नो चर्चा व्यापार, निवेश र रणनीतिक क्षेत्रमा सहयोग बढ़ाउनमाथि केन्द्रित रहेको बताउनुभयो।

---------------------------------------X---------------------------------------

- **Water Power - Sanitation Agreement**

पेयजल तथा स्वच्छता विभागले आज ग्रामीण जल तथा स्वच्छता सेवाको प्रभावी योजना र निगरानीमा सहायक एउटा सुदृढ़ डिजिटल पर्या प्रणालीको निर्माणका लागि समझौता गरेको छ। जल शक्ति मन्त्रालयको अधिनमा रहेको विभागले नयाँ दिल्लीस्थित भास्कराचार्य राष्ट्रिय अन्तरिक्ष अनुप्रयोग तथा भू-सूचना विज्ञान संस्थानसित यो समझौता गऱ्यो। मन्त्रालयले भनेको छ, यो समझौताले जल जीवन मिशन र स्वच्छ भारत मिशन (ग्रामीण) पोर्टलका लागि एउटा भौगोलिक सूचना प्रणाली-एकीकृत, निर्णय-समर्थक मञ्चको विकासमा सहयोग गर्नेछ। यो मञ्चले देशभरि ग्रामीण जल आपूर्ति र स्वच्छता पहलको डेटा-आधारित निर्णय लिन, योजना, निगरानी र मूल्यांकन गर्नमा प्राथमिकता दिनेछ। पेयजल तथा स्वच्छता विभागका सचिव अशोक KK मीणाले भन्नुभयो, भू-स्थानिक प्रौद्योगिकी मिशनले कार्यान्वयनमा पारदर्शिता, जवाफदेही र दक्षतालाई दह्लिलो बनाउनमा सहयोग गर्दछ।

---------------------------------------X---------------------------------------

- **Niti Aayog-Fourth Quarter Report**

नीति आयोगको मुख्य कार्यकारी अधिकारी BVR सुब्रह्मण्यमले देशको विनिर्माण आधारलाई दह्लिलो र विविध बनाउनमा रहेको आवश्यकतामाथि जोड़ दिनुभएको छ। नयाँ दिल्लीमा वित्त वर्ष 2025-को चौथो तिमाहीका लागि नीति आयोगको ट्रेड वाच तिमाही रिपोर्ट जारी गर्दै श्री सुब्रह्मण्यमले भन्नुभयो, विनिर्माण क्षेत्रमा प्रतिस्पर्धामा सुधार आवश्यक छ। उहाँले यस कुरामाथि पनि जोड़ दिनुभयो कि भारतले बढ़दो माग प्याटर्नसितै द्रुत गतीमा तालमेल बनाउनुपर्छ, आफ्नो

निर्यात आधारमा विविधता ल्याउनुपर्छ अनि व्यापारमा भू-राजनीतिक परिवर्तनमाथि कड़ा नजर राख्दै गैर-छालाका जूत्ता र वैश्विक मूल्य श्रृंखलामा प्रतिस्पर्धा बढाउनुपर्छ।

---------------------------------------X---------------------------------------

- **BJP - Sudhanshu Trivedi**

भाजपाले तृणमूल कंग्रेस नेतृत्वाधिन पश्चिम बंगाल सरकारमाथि राज्यमा पार्टी नेताहरूमाथि आक्रमण गरेको आरोप लगाएको छ। नयाँ दिल्लीमा पार्टी प्रवक्ता सुधान्शु त्रिवेदीले राज्य सरकारमाथि भाजपा विरूद्ध हिंसा भड्काएको आरोप लगाउँदै भन्नुभएको छ, पश्चिम बंगालमा लोकतन्त्र खतरामा छ। उहाँले भन्नुभयो कि भाजपा कार्यकर्ताहरूमाथि त्यस समय आक्रमण गरियो, जब उनीहरू राज्यमा बाढ़ प्रभावित परिवारहरूको सहायता गरिरहेका थिए। उहाँले राज्य सरकारमाथि मानिसहरूको दुःखप्रति असंवेदनशील भएको पनि आरोप लगाउनुभयो।

---------------------------------------X---------------------------------------

- **Indian Air Force Parade Rehearsal**

भारतीय वायुसेनाले यस महिनाको आठ तारिक आफ्नो तीरनब्बेऔं वर्षगांठ पालन गर्नेछ। यसअघि भारतीय वायुसेनाले आज गाजियाबादको हिन्डन वायुसेना केन्द्रमा फुल ड्रेस रिहर्सलको आयोजन गऱ्यो। यस अवधि वायुसेनाका जवानहरूले ब्याण्डको धुनमा पाइलामा पाइला मिलाएर मार्च गर्नका साथै आफ्नो वीरताको परिचय दिए। यस अवसरमा वायुसेनाका वरिष्ठ अधिकारीहरू पनि उपस्थित थिए।

---------------------------------------X---------------------------------------

- **Nobel Prize – Medicine**

अमेरीकी वैज्ञानिक म्यारी E ब्रुन र फ्रेड रामसडेलसहित जापानका शिमोन साकागुचीलाई 2025-को नोबेल पुरस्कारले सम्मनित गरियो। उहाँहरूलाई फिजियोलोजीमा परिधीय प्रतिरक्षा सहिष्णुतामा उहाँहरूको अभूतपूर्व खोजका लागि नोबेल पुरस्कार प्रदान गरिएको हो। वैज्ञानिकहरूलाई यो पुरस्कार प्रतिरक्षा प्रणालीले हाम्रो शरीरमा आक्रमण गर्ने कोशिश गरिरहेका हजारौं विभिन्न सूक्ष्मजीवबाट हाम्रो रक्षा कसरी गर्दछन् भन्ने खोजका लागि प्रदान गरिएको हो।

नोबेल समितिले यो घोषणा आज स्टकहोम, स्वीडनमा एउटा समारोहमा गरेको हो। यो खोज नियामक टी कोशिकाहरूको पहिचानसित जोडिएको छ। यो पुरस्कार तीनै विजेताहरूबीच समान रूपमा साझा गरिनेछ।

---------------------------------------X---------------------------------------

- **Mandaviya- Sardar Unity March**

युवा कार्यक्रम तथा खेल मन्त्री डाक्टर मनसुख माण्डवियाले आज नयाँ दिल्लीमा सरदार बल्लभभाई पटेलको एक सय पचासौं जयन्तीको उपलक्ष्यमा सरदार@150 एकता मार्चको शुभारम्भ गर्नुभयो। डाक्टर माण्डवियाले भन्नुभयो, यो एकता मार्च केवल एउटा स्मरणोत्सव नभएर युवाहरूलाई राष्ट्र

निर्माणमा शामेल गराउने अनि विकसित तथा आत्मनिर्भर भारतको दृष्टिकोण अघि बढ़ाउने एउटा राष्ट्रिय आन्दोलन हो। उहाँले भन्नुभयो, यस पहलको उद्देश्य युवाहरूमा एकता, देशभक्ति र नागरिक जिम्मेवारीको भावना प्रेरित गर्नु हो। डाक्टर माण्डवियाले भन्नुभयो, यो एकता मार्चले आत्मनिर्भरता र स्वदेशीको सन्देश दिनेछ। अभियानबारे जानकारी दिँदै उहाँले भन्नुभयो........

---------------------------------------X---------------------------------------

- **Delhi-Para-Athletics Championship**

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आज विश्व प्यारा-एथलेटिक्स च्याम्पियनशिपको बाह्रौं संस्करणको जीतमा सबै प्यारा-एथ्लेटहरू र प्रशिक्षकहरूलाई बधाई दिनुभयो। नयाँ दिल्लीमा आयोजित नौं दिवसीय विश्व प्यारा-एथलेटिक्स च्याम्पियनशिप 2025-को समापनमा श्रीमती गुप्ताले भन्नुभयो, यो दिल्ली र सारा देशका लागि अत्यन्त गौरवको क्षण हो।

एउटा सोशल मिडिया पोस्टमा, श्रीमती गुप्ताले भन्नुभएको छ, यस प्रतियोगितालाई संधै साहस, दृढ़ता र अदम्य मानवीय भावनाको उत्सवका रूपमा याद गरिनेछ। उहाँले अघि भन्नुभयो, देशका प्यारा-एथ्लेटहरूले इतिहास रचेका छन्। छहवटा स्वर्णसहित बाहिसवटा पदक जितेर खेलाडीहरूले देशलाई प्रेरित गरेका छन् अनि यो साबित गरेका छन् कि दृढ़ताले बाधालाई विजयमा परिवर्तन गर्दछ।

---------------------------------------X---------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- बिहार विधानसभा चुनाउ छह र एघार नोभम्बर अनि मतगणना चौध नोभम्बरमा
- गृह मन्त्री अमित शाहले दिनुभयो लोकतन्त्रको महानपर्वमा बिहारवासीलाई बधाई
- सञ्चार मन्त्रीले गर्नुभयो इण्डिया मोबाइल कंग्रेस 2025-को तयारीको समीक्षा
- केन्द्रिय मन्त्री पीयूष गोयलको कतरका समकक्षीसित द्विपक्षीय बैठक अनि
- पेयजल तथा स्वच्छता विभागले गऱ्यो सुदृढ़ डिजिटल पर्या प्रणालीको निर्माणका लागि समझौता